# पटेर्वा सुगौली गाउँपालिका

## पर्सा

## मधेश प्रदेश, नेपाल

वार्षिक नीति, कार्यक्रम तथा बजेट

आ.व. २०८०/०८१

<u>प्रस्तुतकर्ता</u> :

श्री ममता महतो

उपाध्यक्ष

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

मिति : २०८० असार १० गते आईतवार

# पटेर्वा सुगौली गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

पटेर्वा सुगौली गाउँपालिकाका श्रध्देय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँपालिकाका सम्पूर्ण वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यहरु ज्यूहरु, राजनितिक दलका प्रतिनिधि ज्यूहरु, गाउपालिकाको कार्यालयका राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी ज्यूहरु, नेपाल प्रहरी, शसस्त्र प्रहरी लयागतका सुरक्षाकर्मी ज्यूहरु, अन्य उपस्थित महानुभावहरु,

मुलुकको संघीय शासन प्रणालीमार्फत गठित दोश्रो स्थानीय सरकारको दोश्रो वार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएकी छु। मुलुकलाई यस अवस्थामा ल्याई पुर्‍याउन आफ्नो जीवनपर्यन्त योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका अग्रजहरु, विभिन्न आन्दोलन एवं संघर्षमा जीवनको बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

कोरोना महामारी र रसिया-युक्रेन युद्धले गर्दा विश्वमा छाएको आर्थिक मन्दी लगायतका कारणले देशमा व्याप्त आर्थिक संकट तथा संघ र प्रदेश सरकारको अनुदान कटौतको साक्षी बन्दै यस गाउँपालिकाको भाग्य र भविष्यसँग जोडिएको गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीमाझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ। जसरी अँध्यारो रातपछि उज्यालो विहान अवस्य आउँछ, त्यसैगरि हामीमाझको चुनौती पनि यस गाउँपालिकाको विकास एवं आत्मनिर्भरताको अभियानको एउटा ऐतिहासिक अवसरको रुपमा रहनेछ भन्ने मेरो विश्वास समेत व्यक्त गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

स्थानीय तहको दोश्रो कार्यकालको निर्वाचन पश्चात स्थानीय सरकारको बागडोर सम्हाली सफलता पुर्वक एक वर्ष कार्यकाल पुरा गरेकोमा हामी सम्पुर्ण जनप्रतिनीधिहरुलाई बधाई तथा धन्यावाद दिन चाहन्छु। साथै आगामी कार्यकालको शुभकामना दिन चाहन्छु। संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त न्यून अनुदान एवं गाउँपालिकाको सिमित आयस्रोतका बावाजुद हामीलें निर्वाचनमा वाँडेका विकास निर्माणका सपनाहरु पुरा गर्ने प्रतिबद्धता गर्दछौं। दोश्रो स्थानी निर्वाचन पश्चात अघिल्लो १ वर्षमा स्थानीय सरकारले आम नागरिकमा पुर्‍याएका सेवा एवं विकासका योजना तथा कार्यक्रमले दैनिकी फेरिदै गएको महसुस भएको छ। वर्षौदेखि अल्मलिएको विकास प्रक्रियाले गति लिएको छ भने नागरिकमा विकासप्रतिको चासो बढेको छ। यो सबै तपाई हाम्रो विकासप्रतिको लगाव, परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनावाटै सम्भव भएको छ। यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, सम्पूर्ण राजनीतिक दलहरु एवं आम सर्वसाधारणहरुमा म हार्दिक धन्यवाद दिन चाहन्छु।

सभाध्यक्ष महोदय,

दोश्रो स्थानीय निर्वाचनको पहिलो वर्षको कार्यकाल सकी दोश्रो वर्षमा प्रवेश गरिरहँदा हामीले अझै थुप्रै विकास प्रतिफल दिनुपर्नेछ। विगतका छव आर्थिक वर्षका सिकाई एवं अनुभवलाई गम्भीर रुपमा समिक्षा गर्दै आगामी दिनमा अझ गतिशील र दिगो विकास जनतालाई दिनु पर्नेछ। यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरु माझ दिलाउन चाहन्छु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा प्रतिवद्दता जनाएका विषयहरु, दिगो विकासको लक्ष्य एवं आम पटेर्वा सुगौली गाउँपालिकावासी आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरुले व्यक्त गर्नु भएको विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन्।

पर्सा जिल्लाकै ऐतिहासिक श्री श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीको रुपमा चिनिएको यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्वोधन गर्न छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ। कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज वनाउनु भन्दा कार्यान्वयन योग्य, संक्षिप्त कार्यक्रमको गोजी पात्रो बनाउनु यस नीति तथा कार्यक्रमको मूख्य लक्ष्य हो ।

सभाध्यक्ष महोदय एवं गाउँ सभा सदस्यज्यूहरु,

पटेर्वा सुगौली गाउँपालिकाको कृषि, शिक्षा, स्वास्थ्य, उद्यम, पर्यटन, हरियाली वन, पुर्वाधार समृद्ध पटेर्वा सुगौलीको आधार भन्ने मूल नारामा केन्द्रित रहेर यस बर्षका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

<u>आदर्णीय सभाध्यक्ष महोदयः</u>
अगामी आ.व. २०८०/०८१ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु अघि म पटेर्वा सुगौलीको संक्षिप्त वस्तुस्थिति प्रति ध्यानाकर्षण गराउन चाहन्छु।

## स्थानीय तहको संक्षिप्त परिचयः

पटेर्वा सुगौली गाउँपालिका नेपालको मधेश प्रदेश अन्तर्गत पर्सा जिल्लाको बिच उत्तरी भेगमा पर्ने ५ वडा रहेको क्षेत्रफल ६४.२९ वर्ग कि.मी. तथा जनसंख्या २५,४९८।-(पुरुष १२,८०२।-, महिला १२६९६।- ) रहेको गाउँपालिका हो। पर्सा जिल्लाकै ऐतिहासिक श्री श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीको रुपमा चिनिएको यस गाउँपालिकाको विकासको प्रमुख आधार कृषि, पर्यटन, थारु संस्कृति लगायत विभिन्न संस्कृति रहेको छ।

## विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा वजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सवै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ वजार सम्मको पहुँच स्थापित हुनु ।

७. भाथा वावा, गादीमाई, भूमरीमाई र सोमेश्वरनाथा लगायतका सांस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदाहरु रहेकोले पर्यटन विकासको प्रशष्त सम्भावना हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय वमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।

२. वजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।

३. गुणस्तरीय बीउ मलखाद माग अनुसार समयमा नै उपलब्ध गराउनु।

४. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु।

५. कृषकहरुलाई व्यवसायिक कृषि तर्फ उन्मुख उराउनु।

६. वैदेशिक रोजगारीवाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७. विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गर्नु।

८. लागू औषध दुर्यव्यसनी पूर्ण रुपमा नियन्त्रण गर्नु।

९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

अब म चालु आ.व. मा हालसम्म समप्न्न भएको प्रमुख कार्यक्रम तथा योजनाहरुको विवरण संक्षिस रुपमा प्रस्तुत गर्न गईरहेको छु।

**सामाजिक विकास शाखा:**

- तिलगंगा आखा प्रतिष्ठानको प्राविधिक सहयोगमा वडा नं. ५ निचुटा सञ्चालित शैल्य क्रिया सहितको आँखा शिविरमा ११०० जनाको आँखा परिक्षण तथा १४० जनाको आँखा शैल्यक्रिया सम्पन्न भएको।
- महिला दिवसको उपलक्ष्यमा स्त्री रोग विशेषज्ञ डा. विमला महर्जन वज्राचार्य, डा. राजेन्द्र चौधरी र डा. राजन गिरीको सहयोगमा वडा नं. ४ मा ल्याव र भिडियो एक्सरे सहित सञ्चालित महिलाहरुको पाठेघर सम्वन्धी स्वास्थ्य परिक्षण शिविरमा २५० जना लाभान्वित भएको।
- सुगर र ब्लड प्रेसर रोगीहरुका लागि वडा नं. २ गादी स्वास्थ्य चौकीमा सञ्चालित शिविरमा २५० जना भन्दा वढी लाभान्भित भएको।
- ड्रग फ्री कम्यूनिटिज (लागु औषध दुरव्यशन सम्वन्धी मा.वि./नि.मा.वि. टोल स्तरमा जनचेतना कार्यक्रम
- माघी महोत्सव, मुस्लिम समुदायको पर्व ईदमा सहयोग
- निःशुल्क रगत वितरण (नेपाल रेडक्रस सँग सम्झौता गरी)

कृषि विकासः

- नगदे वाली मकैं, तरकारी, वेसार, अदुवा, च्याउको विउ वितरण
- कृषकहरुलाई अनुगमन, अवलोकन भ्रमण
- कृषि विशेषज्ञ द्वारा टोल स्तरीय कृषि तालिम
- सिचाईको लागि मोटर वितरण
- कृषि मोटरको लागि पोल तारको व्यवस्थापन
- पटेर्वामा विद्यालयको हाताभित्र नर्सरी स्थापना
- उन्नत जातका धान र गँहुको विउ वितरण
- वगर खेती/तरकारीको मिनि किट
- तोरी, मसुरो र दालको विउ वितरण

भेटेरिनरीः

- पशु बीमा
- मत्स्या पालन कृषकहरुलाई दाना, औषधी, मेसिनरी वितरण
- भकारो सुधार कार्यक्रम
- मौपमी घाँसहरुको विउ वितरण
- नसल सुधारका लागि बोका वितरण
- पोखरी सुधारका लागि आर्थिक सहयोग
- औषधी उपचार (पालिका भरी)

उर्जा शाखाः

- ०.५ मेगा वाट को सोलरबाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जोड्ने

वन (समृद्धिको लागि वन कार्यक्रम)

- कार्यपालिका सदस्य, गाउँ सभा सदस्यहरुलाई वन सम्वन्धी तालिम
- वडा स्तरीय वन समिति गठन
- निजि वन अवधारणा
- सामूहिक वन लगाउने कार्यक्रम

न्यायिक समितिः

- ८०% जति मुद्दा फछ्र्यौट
- मेलमिलाप कर्ता छनौट गरी वेसिक तालिम दिई
- अपाङ्गता कार्ड वितरण गरियो।

शिक्षाः

- शिक्षक दरवन्दी मिलान
- मन्टेशरी वेसका लागि वाल शिक्षिकाहरुलाई ट्रेडिङ्ग
- रङ्गपुर उच्च मा.वि. – चारकोठे भवन निर्माण
- पथरैया मा.वि. – चारकोठे भवन निर्माण, पुरानो भवनको छत ढलान
- वेलवा – छत ढलान
- भाथा – कोठा निर्माण
- अकवामा Boundary wall मा ग्रील जडान
- वैजनाथपुर- वाउण्डरी वाल
- अंग्रेगी मेडियम कक्षा संचालन ३ विद्यालयमा (निचुटा, फरहदवा, बैजनाथपुर)
- विषयगत शिक्षक पदपुर्ती व्यवस्थापन तथा Teacher Training
- विद्यालय व्यवस्थापन समिति नभएको तथा म्याद समाप्त भएको विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन
- विद्यार्थीहरुलाई खेल सामग्री वितरण तथा शिक्षा मेला सुगौली दा.प.
- पटेर्वा स्कुलमा Boundary wall
- विद्यालयको आन्त्रिक श्रोत बढाउन आवश्यकता पहिचान गरी विद्यालयका जग्गाहरुमा पोखरी निर्माण तथा बृक्षरोपण

- शिक्षकहरुलाई Computer सम्वन्धी तालिम
- नि:शुल्क पाठपुस्तक वितरण अनुदान सम्पूर्ण विद्यालयमा पहिलो किस्ता भएको
- सबै सामुदायिक विद्यालयमा ईन्टरनेट खर्च वापत वार्षिक १२ हजार निकासा
- दिवा खाजा निरन्तरता रहेको
- प्रारम्भिक वालविकास कक्षा , बुककर्नर र शिक्षण सिकाई सामाग्री रकम निकासा
- छात्रा तथा दलित विद्यार्थीहरु (कक्षा १ देखी ८) सम्म छात्रवृती रकम निकासा
- यस शैक्षिक शत्र २०८० देखि वाली बिज्ञान (निचुटा मा.वि.मा कक्षा ९ देखि १२ सम्म) हुनेछ।

स्वास्थ्य:

- महिलाहरुको पाठेघरको VIA जाँच
- तील गँगा आँखा अस्पतालको शाखा संचालनको निम्ती जग्गा उपलब्ध तथा सम्झौता (निचुटा-५)
- तीन वटै स्वास्थ्य चौकीमा ल्याव सम्वन्धी सम्पूर्ण सेवा उपलब्ध (पटेर्वा सुगौली, निचुटा र गादी)
- Video X-ray को व्यवस्थापन
- X-ray Machine संचालन गर्ने पहल अगाडी वढेका
- वडा नं. २ का स्वास्थय चौकी बर्थिङ्ग सेन्टरको भवन निर्माण-७० लाख
- दश शैया अस्पतालको भवन निर्माण कार्य द्रुत गतिमा अगाडी अर्को आ.व.मा सम्पन्न गरी संचालनमा ल्याउने सोच
- दीर्घ रोगीहरुलाई औषधी वितरण
- पूर्ण खोप घोषणा (पालिका स्तर)
- स्वास्थ्य शिविर
- आँखा ,नाक,कान,घाटी तथा मुख स्वास्थ्य सम्वन्धी अभिमुखिकरण
- क्षयरोग जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम, घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण
- कोभिड १९ विरुध खोप अभियान तथा बुस्टर खोप समेत संचालन व्यबस्थापन खर्च
- नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चता र दीगोपनाको लागि सुक्ष्मयोजना अद्दावधिक २ दिन रसरसफाई प्रवर्धन प्याकेज पुनताजगी तालिम १ दिन गरी ३ दिन एवं पूर्णखोप न.पा., गा.पा. सुनिश्चतताको लागि स्थानिय तह,वडा खोप समन्वय समिती तथा नवनिर्वाचित जनप्रतिनिधी

- परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम
- पोषण कार्यक्रम
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम
- मातृ तथा नवशिशु कार्यक्रम संवालन
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन,यातायात खर्च, वार्षिक समिक्षा गोष्टी र दिवस मनाउने खर्च समेत
- विद्यालय स्वास्थ्य शिक्षा , आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि समाजिक व्यवहार परिवर्तन कार्यक्रम
- स्वास्थ्य चौकी (आधेभूत सेवा केन्द्र) को न्यूनतम सेवा मापदण्ड कार्यक्रम
- महिला स्वास्थ्य स्चयं सेविकाहरुको यातायात खर्च
- महिला स्वास्थ्य स्वयंसेविकाको अर्ध वर्षिक समिक्षा गोष्टी
- पारालाईसिस, मुटु रोग, मृगौला रोग प्यानकृयाज ब्रेन हेमरेज, क्यानसर जस्ता घातक रोगिको औषधी उपचार खर्च

<u>भौतिक पूर्वाधार:</u>

- गा.पा.भवनको लागि जग्गा ३ कठ्ठा १२ धुर पास गरी गा.पा.भवनको टेन्डर स्वीकृत, निर्माण कार्यको लागि सम्झौता कार्य अगाडि वढाइयो।
- संघको ६०% स्थानीयको ४०% गरी ६ करोड ९ लाखमा फाइनल
- हाल गा.पा.भवन घर वहाल मुक्त गरी सामुदायिक भवनमा व्यवस्थित तरिकाले संचालन गरियो।
- एक घर एक चापा कल योजना अन्तर्गत २५० घरधुरीमा कल जडान गरियो
- दलित भवन (वडा नं. २, वेलवा र ५, मौराहा) टोलमा ११/७ गरी जम्मा १८ वटा घर निर्माण
- भाथा धाममा शौचालय, खानेपानी र सिढी निर्माण गरियो
- नदि निर्माणको लागि तट्वन्ध (गादी खोला र भलुवाही खोला)
- वडा नं. २ लक्ष्मीपुर-वङ्गुल जोड्ने कजवे निर्माण, थरघट्टी टोलमा कजवे निर्माण
- अकवा देखि देउरवाना जोड्ने नयाँ सडक तथा कल्भर्ट निर्माण
- पथरैयाको मुख्या सडक तथा नाला ढलान निर्माण
- देकुली मुख्या सडक ढलान

- सुगौलीमा दलित बस्ती ढलान (आकवा वडा नं. ४)
- सोनबर्षा नाला निर्माण तथा गद्यानीमा सडक ढलान, भाथामा सडक ढलान
- वडा नं. २, वडा कार्यालयमा तल्ला थप
- वेलवा सडक ढलान, कृषि सडक निर्माण
- वडा नं. २,३ मा झोलुङ्गे पुल निर्माण (गादीमाई मन्दिर निर)
- वडा नं. ४ को वडा कार्यालय भवन निर्माण
- वडा नं. १ मा वडा कार्यालय भवन घर वहाल मुक्त गर्न भवन निर्माण सम्पन्न गरी वडा कार्यालय सार्ने प्रक्रिया अगाडी वढाइयो
- मौराहा, मनिहर्वा टोलमा वाटो ढलान
- उत्तर सुगौली हनुमान मन्दिर निर कल्भर्ट निर्माण, फरहदवा चौक निर तीनवटी निर कल्भर्ट निर्माण
- इ.प्र.का. पटेर्वा सुगौली भवन निर्माण

<u>कार्यालय व्यवस्थापन:</u>

- पालिका स्तरमा भईरहेको घटना दर्ता वडा स्तरमा व्यवस्थापन
- पहिले भन्दा व्यवस्थित कार्यालय गरियो
- पर्यटन विकासको लागि भुमरीमाईको DPR
- सुमेश्वरनाथ वावाको मन्दिरको लागि DPR निर्माण कार्य अगाडी वढाइयो

<u>उद्योग विकास शाखा:</u>

- नयाँ लघु उद्यमीहरु छनौट गरी विभिन्न व्यवसाय सम्वन्धी सीपविकास तालिम दिइयो (वडा नं. ४, अकवा र ५ मनिहर्वा)
- पुरानो लघु उद्यमीहरुलाई थप एडभान्स तालिम दिई प्रविधि हस्तान्तरण गरियो

सभाध्यक्ष महोदय,

अब म आगामी आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

## <u>आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>

### <u>कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम:</u>

- कृषि क्षेत्रको आधुनीकिकरण मार्फत गाउँपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रवन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
- गाउँपालिका भित्रका कृषकहरुको तथ्याङ्क संकलन गरी कृषि परिचय-पत्र वितरण गर्न आवश्यक पहल गरिनेछ।
- ब्यावसायिक कृपि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि वजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
- गाउँपालिकाभित्र पशु हाँट बजार संचालन गरिनेछ।
- तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
- रासायनिक विषाधीको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।
- वैदेशिकरोजगारबाट फर्किएका एवं स्वदेशमा नै बेरोजगारका रुपमा रहेका युवालाई कुषि तथ पशुपालन क्षेत्रमा आकर्षित गरिनेछ।
- कृषि सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- कृषियोग्य भूमिमा कृषि सिचाई एवं विद्युत विस्तार गरिनेछ।
- कृषकहरुलाई सहज मलको आपूर्तिका लागि आवश्यक पहल गरिनेछ।
- कृषक समूह मार्फत बिउबिजन उत्पादन गरी स्थानीय कृषकहरुलाई बिउबिजनमा सहज पहुच पुर्याइनेछ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- तरकारीवाली, नगदेवाली उत्पादनलाई प्रोत्साहन गर्न तरकारी, नगदेवाली उत्पादक र माछा उत्पादक किसानहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप विभिन्न अनुदान प्रदान गरिने छ।
- स्थानीय कृषकहरुलाई विऊविजनमा सहज पहुँच अभिवृदि गर्न विभिन्न विउविजनहरु वितरण गरिनेछ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ।
- गाउँपालिकामा कोल्ड स्टोर स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- वडा नं. २ मा कृषि सञ्चालन तथा निर्माणको आवश्यक वजेट विनियोजन गरिनेछ।
- किसानहरुलाई कृषि उपज बिक्रीका लागि वजार क्षेत्रमा सहज पहुचको लागि कृषि सहकारी संग आवश्यक समन्वय गरिनेछ।

- सामुहिक पशुपालन (४ वटा भन्दा बढी) गर्ने किसानलाई पशुबिमा निशुल्क गरिनेछ।

पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न पटेर्वा सुगौली गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ। यस गाउँ क्षेत्रका पर्यटकीय महत्व बोकेका सँरचनाहरुको पहिचान तथा विकास गरि वृहत्तर आर्थिक उपार्जनको रुपमा प्रवर्द्धन गरिनेछ।
- मधेश प्रदेश सरकारले श्री श्री १०८ दुधेश्वरनाथ महादेव (भाथा बाबा) लाई धार्मिक पर्यटनको रुपमा घोषणा गरेकोलाई कार्यन्वयन गर्न आवश्यक पहल गरिनेछ।
- भुमरी माईमा थारु संग्रहालय स्थापना गरिनेछ।
- पर्सा जिल्ला प्रमूख प्रटकीय स्थलको रुपमा रहेको श्री श्री १०८ दुधेश्वरनाथ महादेव (भाथा बाबा) को विकासको लागि विस्तृत कार्यक्रम प्रतिवेदन (DPR) तयार गरिनेछ।
- श्री श्री १०८ दुधेश्वरनाथ महादेव (भाथा बाबा), भुमरी माई, गादी माई लगायतका धर्मिक स्थलमा अस्थायी शौचालयको व्यस्थापन गरनेछ।
- स्थानीय पर्यटक भित्रयाउन पटेर्वा सुगौलीको भाष, संस्कृति, रहनसहन एवं सम्पदाको जगेर्ना गरी सांस्कृतिक मेला प्रदर्शनीको पहल गरिनेछ।
- एक वडा एक नमुना पर्यटकीय स्थलको निमार्णको सुरुवात गरिनेछ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेमा स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन सहित पाहुनाको रुपमा राख्न घर छनौट गरि होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न बिलवोर्ड राखिनेछ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि ब्रोशर हरुको वितरण गरिनेछ।

उद्योग सम्बन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका स्तरीय एक औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ।
- उद्योग व्यवसाय दर्ता तथा नविकरण गर्न कडाई गरिनेछ।
- वैदेशिक रोजगारवाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ

सहकारी सम्वन्धी नीति तथा कार्यक्रम

- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

- यस गाउँपालिकामा सञ्चालित कृषि समूह निजी फर्म र सहकारीहरुको तथ्याङ्क संकलन गरी दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

- विद्यालयको भौतिक संरचनालाई क्रमिक सुधार गर्दै लगिनेछ।
- निचुटामा सञ्चालित प्राविधिक शिक्षालय अन्तर्गत थप संकाय लागु गर्न आवश्यक पहल गरिनेछ।
- शिक्षक शिक्षिकाहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- पालिका स्तरीय एक ई-लाईब्रेरी स्थापना गर्न गैर सरकारी संघ संस्थाहरु समन्वय गरिनेछ।
- विपन्न जेहेन्दार बालबालिकाको उच्च शिक्षाका लगि छात्रवृत्ति प्रदान गरिनेछ।
- यस पालिका अन्तर्गतका प्रत्येक वडाका १/१ सामुदायिक/सरकारी विद्यालयमा १/१ थान डेस्कटप प्रिन्टर हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- यस पालिकाका अन्तर्गतका "एक वडा एक नमुना विद्यालय" लागि प्रोत्साहन गरिनेछ।
- शिक्षक दरबन्दि मिलान सम्बन्धी प्रतिवेदन अनुसार शिक्षक व्यस्थापन गर्न पहल गरिनेछ।
- विद्यालयस्तर देखि नै विधार्थीहरुलाई खेल खेल्ने वातावरण बनाउनको लागि खेल सामाग्री वितरण गरिनेछ।
- माध्यमिक तथा आधारभूत तहको नतिजा एवं समग्र विद्यालयको कार्यसम्पादन मुल्याङ्न गरी उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालयमा दिइदै आएको छात्रवृति कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- शिक्षक र प्रधानाध्यापकहरुको कार्यसम्पादन मूल्याङ्कन शैक्षिक नतिजामा आधारित बनाइनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई शिक्षा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाइनेछ।
- खेलकुदका माध्यमबाट सिर्जनात्मक सिकाईलाई जोड दिइने व्यवस्था मिलाइनेछ।
- विद्यालय व्वस्थापन समिति नभएका विद्यालय समिति गठन गर्न आवश्यक पहल गरिनेछ।
- आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः अरु विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।
- शिक्षा नियमावली, शिक्षा नीति, कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन निरन्तरता दिइनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन चालु आ.व. बाट संचालित सामुदायिक विद्यालयहरुलाई पूर्वाधार, शैक्षिक सामग्री तथा शिक्षक दरवन्दी लगायतका कार्यमा विशेष प्राथमिकता दिइनेछ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।
- श्री ने.रा.मा.वि. निचुटामा लागु भएको प्राविधिक शिक्षाको गुण्स्तर अभिबृद्धि गर्न आवश्यक समन्वय तथा पहल गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- सबै मा.वि. विद्यालयहरुमा पुस्तकालय, विज्ञान, सभा हल र कम्प्युटर प्रयोगशाला स्थापना तथा व्यवस्थित गरिनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
- विद्यालयहरुमा योग तथा ध्यान गर्न गराउन प्रोत्साहन गरिनेछ।

<u>स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम</u>

- स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ।
- वर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने विशेष कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाभित्र संचालित स्वास्थ्य संस्था प्रति नागरिकहरुलाई विश्वास बढाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र संचालनमा रहेका स्वास्थ्य संस्थामा १ जना चिकित्सकको व्यवस्था गरिनेछ।
- नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी निःशुल्क रक्त सञ्चार सेवालाई निरन्तरता दिइनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्दै वडा, वस्ति, टोलस्तरमा उनीहरुको सिप, दक्षता, अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।साथै उनीहरुको मनोबल वढाउन प्रोत्साहन भता थपलाई निरन्तरता दिईनेछ।
- ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ।

- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको सबै प्रकारका औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- गाउँपालिकालाई पूर्ण खोपको अवस्थालाई कायम राखिनेछ।
- बहुक्षेत्रीय कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट गा.पा.बाट थप गरिनेछ।
- गा.पा. भित्रको गर्भवतीहरुको लागि गर्भवती पोषण कार्यक्रम अन्तर्गत थप पोषण सामग्र उपलब्ध गराईनेछ।
- गर्भवतीहरुको लागि गापा भित्रै निशुल्क अल्ट्रा साउण्ड सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- गाउँ घर क्लिनिक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- प्रत्येक पटेर्वा सुगौली बासीहरुलाई स्वास्थ्य विमा गराउनलाई अभियान सञ्चालन गरिनेछ।
- विपन्न नागरिकको उपचारका लागि स्थापना गरिएको जनता उपचार कोषमार्फत सहायतालाई नियमित गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था गरिनेछ।
- अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।
- शारिरिक व्यायाम, योग, आराधनामार्फत स्वस्थ जीवनशैलीका लागि चेतनामूलक कार्यक्रममा विशेष जोड दिइनेछ साथै आगामी आ.व.को उपयुक्त समयमा योग शिविर संचालन तथा जडिबुटी मार्फत शारिरीक ईम्युनिटी बढाउने कार्यक्रम संचालनमा ल्याईनेछ।
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य विषयहरुलाई आवश्यकता औचित्यताकाएवं आधारमा नियमित गर्दै लगिनेछ।

<u>खानेपानी तथा सरसफाई</u>

- स्वच्छ खानेपानिमा पटेर्वा सुगौली बासीको पहुँच अभिवृद्धि गरिनेछ।
- प्रत्येक वडाको हरेक घरधुरीमा खानेपानीमा पहुँच पुर्‍याउन "एक घर एक चापा कल" कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पटेर्वा सुगौली बासी स्वच्छ खानेपानी उपलब्ध गरी खानेपानी ल्याब स्थापना (चेकजाँच) गरिनेछ।
- प्रत्येक वडामा सरसफाई, फोहोरमैला तथा ढल व्यवस्थापनमा विशेष पहल गरिनेछ।
- गाउँपालिका पूर्ण खुल्ला दिसामुक्त क्षेत्र घोषणाको अवस्थालाई कायम राखिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका मुख्य चोक/बचार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणाको विकास गरिनेछ।
- सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।
- वडा नं. २ को मकवानी टोलमा रहेको शिवम् लेयर्स फर्म प्रा.लि. वाट निस्किने दुर्गन्ध हटाउन विशेष कदम चालिनेछ।

संस्कृति सम्वन्धी नीति तथा कार्यक्रम

- पटेर्वा सुगौली  गाउँपालिकामा रहेका कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासमा जोड दिइनेछ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका वस्ती, संरचना, मठ मन्दिर, मस्जीद, दरगाह, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ।
- गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।
- गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
- थारु बहुलता भएकोले बृहत रुपमा मनाइने माघे संक्रान्ती (खिचडी) पर्वको लागि प्रदर्शनी कार्यक्रम गरिनेछ
- महिलाहरुको तीज विशेष कार्यक्रम, हिन्दु समुदायको छठ, दशै, होली जस्ता पर्वहरु, मुस्लिम समुदायको ईद लगायतको पर्वहरुमा शुभकामना आदानप्रदान गर्न तथा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकावाट आवश्यक वजेट विनिजन गरिनेछ।

युवा तथा खेलकुद सम्वन्धी नीति तथा कार्यक्रम

- खेलकुदको विकास तथा प्रवर्द्धन गर्न विभिन्न खेल सामग्री वितरण गरिनेछ।
- गाउँपालिका स्तरीय विभिन्न खेलको टिम छनौट गरिनेछ।
- गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।
- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- युवा वेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई सीपमुलक तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
- प्रत्येक वडामा यूवा समूह गठन गरी उद्यमशिलता तथा रोजगारी सृजनाको लागि कृषि, पशुपालन, व्यापार र व्यवसायमा आवश्यक अनुदान दिइनेछ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, वालवालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न बैंकबाट कर्जा उपलब्ध गर्न सहजीकरण गरिनेछ।
- ज्येष्ठ नागरिकहरुलाई नेपालभित्रको धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराइनेछ।
- महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- गाउँपालिका स्तरीय एउटा बाल उद्यान तथा पिकनिक स्थल निर्माण गरिनेछ।
- वालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिकाका बालमैत्री घोषणा हुने कार्यक्रम अगाडी बढाउने छ।

भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

सडक तथा पुल

- गाउँपालिका केन्द्रवाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई जोडने बाटोलाई स्तरोन्नति तथा मर्मत संभार सुरक्षित र भरपर्दो बनाईनेछ।
- गाउँपालिकाको सम्पुर्ण वडाको आवश्यक ठाउँमा सडक ढलान कार्यलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिका सम्पूर्ण क्षेत्र भित्र नाला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ लगिनेछ।
- पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरुको आगावमनमा सहज पहुँचको व्यवस्था गर्न सडकहरुको स्तरोन्नति गरिनेछ।
- गाउँपालिका स्तरबाट वार्षिक सडक मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

- किसानलाई खेतीयोग्य जमिन/खेतमा सहज पहुचको लागि कृषि बाटोमा आवश्यक वजेट विनियोजन गरिनेछ।

**वन निर्माण**

- गाउँपालिकाको प्रशासनीक भवन निर्माण गर्न ठेक्का सम्झौता सम्पन्न भई सकेकोले यथाशिघ्र निर्माण कार्य अगाडि बढाई समयमा निर्माण सम्पन्न गर्ने वातावरण तयार गरिनेछ।
- १ नं. वडा कार्यालयलाई व्यवस्थित गरी सञ्चालनमा ल्याईनेछ। साथै अन्य वडा कार्यालयहरुको वर्तमान अवस्थामा सुधार ल्याईनेछ।
- निजी उपभोगमा रहेको सार्वजनिक सम्पतिलाई गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।
- यस गाउँपालिकामा आगामी आ.व. मा बन्ने घरहरुमा नक्सा पास लागु गरिनेछ।
- भुमिहिन/सुकुमवासीहरुलाई लालपुर्जा वितरण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी यथाशिघ्र वितरणको व्यवस्था मिलाईनेछ।
- आवासीय भवनमा "एक घर-एक जोडा विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ

**सिंचाई**

- खेतियोग्य सुक्खा जमीनमा आधुनिक प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सिचाईका लागि आवश्यक मोटर किसानलाई सहुलियत अनुदानमा उपलब्ध गराइनेछ ।
- कृषि सिचाई कार्यको सहजताको लागि कृषि पोल तार विस्तारको लागि निरन्तरता दिइनेछ।

## वातावारण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

**वन तथा भू-संरक्षण**

- सडक किनारा, ऐलानी पर्ती जग्गामा भूक्ष्य प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्वन्धित समुदायलाई परिचालन गरिनेछ ।
- वाढी तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, तटबन्ध निर्माण, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ।
- गाउँपालिका भित्र स्थापना हुने कलकारखाना तथा उद्योगबाट वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

- ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

जलवायु परिवर्तन

- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।

फोहोरमैला व्यवस्थापन

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि पहल गरिनेछ।

विपद व्यवस्थापन

- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- जग्गा कटान रोक्न आवश्यक खोलामा तटबन्ध निर्माण गरिनेछ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ।

## संस्थागत विकास तथा सेवा प्रवाह

संस्थागत विकास

- हाल भाडा मुक्त गरी गुदरबाबामा सञ्चालनमा ल्याईको गाउँपालिकाको प्रशासनिक भवनलाई अझ व्यवस्थित तथा पटेर्वा सुगौली बासीलाई सेवा प्रवाहमा सुविधा हुने सञ्चालनमा ल्याईनेछ।
- गाउँपालिकाको सबै बस्ती टोल तथा हरेक क्षेत्रको यथार्थ तथ्याङ्क झल्किने गरी Digital Profile तयार गरी सोही अनुरुप कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो वैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

<u>मानव संशाधन विकास</u>

- गाउँपालिकाकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।
- सबै वडा कार्यालयहरु तथा गाउँपालिकामा नागरिक वडापत्रको व्यवस्था गर्दै चुस्त दुरुस्त सेवा प्रवाहको लागि पहल गरिनेछ।

<u>सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग</u>

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

<u>वित्तीय व्यवस्थापनर सुशासन</u>

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना विस्तार गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्ययस्थित तथा सजिलो बनाईनेछ।
- राजस्व संकलन कार्यलाई अनलाईन मार्फत गरिने व्यवस्था गरिनेछ।

<u>न्यायिक समिति तथा कानून निर्माण</u>

- न्यायिक समितिमा परेका उजुरी छिटो तथा छरितो फच्छ्यौट गर्ने कार्यलाई नियमित तथा अझ व्यस्थित गरिनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिकाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
- गाउँपालिकामा आवश्यक कानूनहरुको निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

- प्रत्येक वडामा मेलमिलाप केन्द्र संचालनमा ल्याइनेछ।

<u>बेरुजु फर्छ्यौट</u>

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाउन पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ। नियमित तथा फच्छ्यौंट गर्नु पर्ने बेरुजुलाई यथाशीघ्र फच्छ्यौंट गरिनेछ।

<u>सार्वजनिक सुनुवाई</u>

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- पटेर्वा सुगौली नगरवासीमा गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरप्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ।
- गुनासो सुनुवाईलाई व्यवस्थित गर्ने आवश्यक ठाउँमा गुनासो पेटिका राखिनेछ।

आदरणीय सभाध्यक्ष ज्यू,

अब म माथि उल्लेखित आर्थिक बर्ष २०८०/०८१ को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अनुमानित आय तथा व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अगामी आर्थिक बर्षका निति तथा कार्यक्रम कार्यान्वयनको लागि खर्च श्रोत व्यबस्थापन गर्न संघिय तथा प्रदेश सरकारको वितिय समानिकरण अनुदानबाट १० करोड २१ लाख ४४ हजार, शसर्त अनुदान अन्तगर्त १५ करोड १६ लाख, विशेष अनुदान तर्फ ८० लाख, सममपुरक अनुदान तर्फ ७० लाख, राजश्व बाँडफाँडबाट ७ करोड ९५ लाख ७७ हजार ३ सय र आन्तरिक आय रु. ३ करोड ३१ लाख ८९ हजार गरी रु. ३८ करोड १५ लाख ६ हजार ३ सय अनुमानित बजेट बिनियोजन अनुमान गरेको छु । कुल विनियोजन मध्ये कार्यालय व्यवस्थापन रु. ६ करोड, कृषि तर्फ ८५ लाख, पशु विकास ३५ लाख, उद्यम विकास २५ लाख, शिक्षा तर्फ २ करोड ५० लाख, स्वास्थ्य तर्फ १ करोड ३० लाख, प्रत्येक वडा कार्यालय अन्तर्गत ६०/६० लाख दरले बजेट बिनियोजन गरिएको छ ।

धन्यवाद !!!

श्री ममता महतो<br>
उपाध्यक्ष<br>
पटेर्वा सुगौली गाउँपालिका, पर्सा<br>
२०८० असार १० गते आईतबार